लेखापरीक्षण प्रतिवेदन

अर्जुनचौपारी गाउँपालिका, स्यांजा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

अर्जुनचौपारी गाउँपालिका, स्यांजा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/313

श्रीमान् अध्यक्षज्यू,
अर्जुनचौपारी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
स्याङ्जा।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/313

श्रीमान अध्यक्षज्यू,
अर्जुनचौपारी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, स्याङजा ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँकार्यपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३० मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकालेअन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको लेखापरीक्षणबाट रु. २४ लाख १८ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.५ लाख ३२ हजार फस्र्योट भई असुल गर्नुपर्ने रु १ लाख , प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३२ हजार , नियमित गर्नुपर्ने रु.१७ लाख ५ हजार र पेश्की बाँकी रु. ५० हजार गरी जम्मा रु.१८ लाख ८७ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ५ करोड ६७ लाख ७६ हजार मध्ये रु. १६ लाख ६४ हजार फस्र्योट भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.५ करोड ६९ लाख ९८ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त

आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु					
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने				पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम						
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
४१	३६	२४,१८,१८६	०	२२	५,३१,५८४	०	४१	१४	१८,८६,६०२	९९,७२७	१७,०४,८७५	३२,०००	०	०	१७,३६,८७५	५०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
स्याङ्जा	५,६७,७५,४२४	०	१६,६३,९४५	५,५१,११,४७९	०	१८,८६,६०२	५,६९,९८,०८१

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२		सामाजिक सुरक्षा भत्ता-	१,०२,८०९
२	२०८१/८२		वित्तीय प्रतिवेदन	५१,९४१
३	२०८१/८२		बीमा गराउनुपर्ने-	३,००,०००
४	२०८१/८२		बढी भुक्तानी-	६,८००
५	२०८१/८२		पोषण कार्यक्रम-	१६,३२०
६	२०८१/८२		पाठ्यपुस्तक बढी निकासा-	२३,७१४

७	२०८१/८२		गैरआवासीय छात्रवृत्ति-	३०,०००
			जम्मा	५,३१,५८४
८	२०८०/८१		सोझै निर्माण कार्य	१६,६३,९४५
जम्मा				२१,९५,५२९

अर्जुनचौपारी गाउँपालिका, स्यांजा

(८०४४३५०१३००)

अर्जुनचौपरी गाउँपालिका , स्याङ्जा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने ५७.२३ वर्ग किलोमिटर क्षेत्रफल तथा १६ हजार ६८० जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१५ देखि २०८२।५।१८ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबार, आय-व्यय, सम्पत्ति तथा दायित्वको गरी जम्मा रु.१,१४,६५,६५,६३४।४३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची -२ मा संलग्न

छ ।

२ एकीकृत आय-व्यय

पालिकाको आर्थिक वर्ष २०८१।८२ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		१९००२०५०३.३९	चालु खर्च		२७१०४७०८०.१७
१.संचित कोष	१७३६०६१५४.८०		१. पालिका तर्फ	१०१७६६१२९.६४	
२.धरौटी	९०२०१३७.५१		२. संघीय सशर्त	१६९२८०९५०.५३	
३.कार्यसञ्चालन कोष - प्रकोप	३९७६१७४.००		३. संघीय विशेष	०.००	
४. विविध खर्च खाता	३४१८०३७.०८		४. प्रदेश सशर्त	०.००	
यस वर्षको आय			५. प्रदेश विशेष	०.००	
१.आन्तरिक आय	१४५०८५२०.२८	१४५०८५२०.२८	पुँजीगत खर्च		२११५३८७०५.६४
२. वित्तीय हस्तान्तरण (संघ)		३४६९९६६०८.४४	१. पालिका तर्फ	१७२६७३८२९.६४	
क) समानीकरण अनुदान	७५०५९६८०.००		२. संघीय सशर्त	१२१६४८७६.००	
ख) राजस्व बाँडफाँट	६३२१२२२८.४४		३. संघीय विशेष	०.००	
ग) सशर्त अनुदान	१९२०२४७००.००		४. संघीय समपुरक	१६७०००००.००	
घ) समपुरक अनुदान	१६७०००००.००		५. प्रदेश सशर्त	०.००	
ङ) विशेष अनुदान	०.००		६. प्रदेश विशेष	४००००००.००	
च) रोयल्टी			७. प्रदेश समपुरक	६००००००.००	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		११२५३६३४४.००
३. वित्तीय हस्तान्तरण (प्रदेश)		२३४२९११९.४३	क) सामाजिक सुरक्षा तथा संरक्षण	१०७९८०९०९.००	
क) समानीकरण अनुदान	९८१४०००.००		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४५५५४३५.००	
ख) राजस्व बाँडफाँट	३६१५११९.४३		…………..		
ग) सशर्त अनुदान	०.००		अन्तर सरकारी अख्तियारी (प्रदेश)	७५४९७३३.००	७५४९७३३.००
घ) समपुरक अनुदान	६००००००.००		ऋण फिर्ता(साँवा)	०.००	
ङ) विशेष अनुदान	४००००००.००		ऋणको ब्याज भुक्तानी	०.००	
च) रोयल्टी	०.००		धरौटी फिर्ता तथा सदर स्याहा	५३२१०६७.००	५३२१०६७.००
छ) अन्य	०.००		कार्यसञ्चालन कोषबाट भएको खर्च- प्रकोप	१९०२३६७.००	१९०२३६७.००
४. अन्तर सरकारी अख्तियारी (संघ)		११२५३६३४४.००	विविध खर्च खाता	४७९२६०.००	४७९२६०.००
			विविध कोष खाता	२७४५००.००	२७४५००.००
क) सामाजिक सुरक्षा तथा संरक्षण	१०७९८०९०९.००		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४५५५४३५.००		अन्य सहयोगमा सञ्चालित योजना		
……….			अन्य खर्च भएमा		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	७५४९७३३.००	७५४९७३३.००	अनुदान फिर्ता		
६. ऋण/ वित्तीय व्यवस्था	०.००		१. संघ तर्फ		
७. धरौटी आय	५२९७२९९.००	५२९७२९९.००	क) सशर्त अनुदान	१०५७८८७३.४७	१०५७८८७३.४७
८. कार्यसञ्चालन कोष आय- प्रकोप	२५००००००.००	२५००००००.००	ख) विशेष अनुदान	०.००	

९. विविध खर्च खाता	९२२००८०.००	९२२००८०.००	ग) समपुरक अनुदान	०.००	
10. विविध कोष खाता	१५००००००.००	१५००००००.००			
११. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			२. प्रदेश तर्फ		
१2. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान	०.००	
१3. अन्य आय भएमा-जनसहभागिता	१७००००००.००	१७००००००.००	ख) विशेष अनुदान	०.००	
			ग) समपुरक अनुदान	०.००	
			अन्तिम मौज्दात		९४०३०२७७.२६
			१. संचित कोषको मौज्दात	६७०२३८०२.६७	६७०२३८०२.६७
			२. धरौटी	८९९६३६९.५१	८९९६३६९.५१
			३. कार्यसञ्चालनकोष- प्रकोप	४६२५७४८.००	४६२५७४८.००
			४. विविध खर्च खाता	१२१५८८५७.०८	१२१५८८५७.०८
			5. विविध कोष खाता	१२२५५००.००	१२२५५००.००
जम्मा	७१५२५८२०७.५४	७१५२५८२०७.५४	जम्मा	७१५२५८२०७.५४	७१५२५८२०७.५४

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०,७९,८०,९०९।-,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.४५,५५,४३५।– र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको रु.७५,४९,७३३।- समेत गरी रु.१२,००,८६,०७७।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१,३२,७२,०२१।- , यस वर्षको प्राप्ति रु.२,३५,५३,५३०।-,यस वर्षको भुक्तानी रु.१०५७८८७३।- र बैङ्क मौज्दात रु.२,९७,३६४।- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	२०३२९२५२४	३८१५९८०९७	४९०५६२९८०	९४३२७६४२
एकीकृत आर्थिक विवरणअनुसार	१९००२०५०३	४०५११५१६२७	५०११४१८५३	९४०३०२७७
फरक	१३२७२०२१	-२३५५३५३०	-१०५७८८७३	२९७३६४

३.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१७,३६,०६,१५४।- मौज्दात रहेकोमा यो वर्ष रु.१९,००,२०,५०३।- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,६४,१४,३४९।- बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

३.५ यस पालिकाको संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) बाट सिर्जित आय व्यय विवरण अनुसार संघीय सरकारबाट राजश्व बाँडफाँड अन्तर्गत मूल्य अभिवृद्धि कर बापत रु.४,४७,१६,५०१।५१ र अन्तशुल्क बापत रु.१,८९,८९,३७३।०२ गरी रु.६,३७,०५,८७४।५३ उल्लेख भएकोमा कार्यालयबाट पेश भएको एकीकृत आर्थिक विवरणमा संघीय सरकारबाट राजश्व बाँडफाँड अन्तर्गत रु.६,३२,१२,२२८।४४ उल्लेख गरेकाले सुत्रमा उल्लिखित रकम भन्दा रु.४,९३,६४६।०९ घटी आम्दानी उल्लेख गरेको छ । सुत्रबाट सिर्जित वित्तीय विवरण र एकीकृत आर्थिक विवरणमा संघीय सरकार राजश्व बाँडफाँडबाट प्राप्त रकम फरक पर्नाको कारण यकिन गरी वित्तीय विवरणको शुद्धतामा ध्यान दिनुपर्दछ ।

३.६ संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) बाट सिर्जित विभिन्न अनुसूचीहरुमा आर्थिक कारोबारको अंकहरु बिच तादाम्यता गरी वित्तीय विवरणको शुद्धता कायम हुनुपर्दछ । तर यस पालिकाको सुत्रबाट सिर्जित केही आर्थिक कारोबारको अंक बिच एकरुपता भएको देखिएन । उदाहरणार्थ सुत्रबाट सिर्जित संक्षिप्त विवरण अनुसार सघीय राजश्व बाँडफाँड बापत आम्दानी रु.६,८७,८६,४२९।५८ उल्लेख भएको छ भने सुत्रबाट नै सिर्जित आय व्यय विवरण अनुसार संघीय राजश्व बाँडफाँड बापत रु.६,३७,०५,८७४।५३ आम्दानीउल्लेख भएकाले दुई अनसूचीमा उल्लिखित अंकबिच रु.५०,८०,५५५।०५ फरक रहेको छ । प्रणालीबाट सिर्जित प्रतिवेदनहरुका बिचमा एकरुपता कायम गर्न प्रणालीमा देखिएको समस्या निराकरणका लागि महालेखा नियन्त्रक कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

३.७ **कार्य सञ्चालन तथा अन्य कोषः-** नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचालन गर्दा विनियोजन वजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राखी उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेपनि कार्यालयले यो वर्ष प्रकोप व्यवस्थापन र विविध खर्च खाता जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.७३,९४,२११।- सहित रु.२,०६,१४,२९१।- आय र रु.२६,५६,१२७।- खर्च गरी रु.१,७९,५८,१६४।- मौज्दात देखाएको छ। यसरी विभिन्न कोषमा रकम राखेर खर्च गर्दा खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

संकेत	कोष हिसाबको नाम	सुरु मौज्दात	प्राप्ति	जम्मा प्राप्ति	भुक्तानी	बाँकी
ग २.७	विविध खर्च खाता	३४१८०३७	९२२००८०	१२६३८११७	४७९२६०	१२१५८८५७
ग ५.१	स्थानीय तह विविध कोष खाता	०	१५०००००	१५०००००	२७४५००	१२२५५००
ग ७.२	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	३९७६१७४	२५०००००	६४७६१७४	१९०२३६७	४५७३८०७
जम्मा		७३९४२११	१३२२००८०	२०६१४२९१	२६५६१२७	१७९५८१६४

३.८ ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रु **५१,९४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४ **त्रैमासिक पुँजीगत खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छः

बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च (रु. हजारमा)				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	२११५३९	४३७०	३२६३१	७१९१२	१०२६२६	६०८६०
प्रतिशत	१००.००	२.०७	१५.४३	३३.९९	४८.५१	२८.७७

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२१ करोड १५ लाख ३९ हजार पुँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.४३ लाख ७० हजार (२.०७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३ करोड २६ लाख ३१ हजार (१५.४३ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.७ करोड १९ लाख १२ हजार (३३.९९ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१० करोड २६ लाख २६ हजार (४८.५१ तिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.६ करोड ८ लाख ६० हजार (२८.७७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रमअनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

५ **खर्च विश्लेषण-**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.१,४५,०८,५२०।-, राजस्व बाँडफाँट र अनुदानबाट रु.३९,०६,४३,१०७।- समेत रु.४०,५१,५१,६२७।– (गत वर्षको अल्या बाहेक) आम्दानी भएकोमा चालुतर्फ रु.२७,१०,४७,०८०।१७ र पुँजीगत तर्फ रु.२१,१५,३८,७०५।६४ समेत रु.४८,२५,८५,७८६।- खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ३.०१ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.७१,०६,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ४८.९७ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६०.९० प्रतिशत चालु र ५२.२१ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

६ **क्षेत्रगत बजेट र खर्चको स्थिति-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

क्र.सं.	मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
१	आर्थिक विकास क्षेत्र	३४५३७०००	२६८७८०९३	५.७७
२	सामाजिक विकास क्षेत्र	२१६४९३०००	१९४०३६४६४	४१.६५
३	पूर्वाधार विकास क्षेत्र	१८३०३००००	१४८३२२०५५	३१.८४
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१३३९००००	१०१३९५६०	२.१८
५	कार्य सञ्चालन तथा प्रशासनिक खर्च	१०५७४५०००	८६५०९६१५	१८.५७
	जम्मा	५५३१९५०००	४६५८८५७८६	१००

उपर्युक्त विवरणअनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४१.६५ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी २.१८ प्रतिशत रहेको छ।

७ **आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्:

बजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

खरिद व्यवस्थापन तर्फ

- सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सञ्चालित योजनाहरूको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

शिक्षातर्फ

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरू तयार नगरेको ।

विविधतर्फ

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राख्ने नगरेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेस्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेस्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य नगरेको ।
- निजी स्वामित्वमा रहेको जग्गामा सामुदायिक भवन, पार्किङ स्थल, निर्माण/स्तरोन्नति निर्माण/स्तरोन्नतिको कार्य भए नभएको अभिलेख नराखेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **ठेक्का व्यवस्था-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले विद्युतीय वोलपत्र मार्फत निर्माण व्यवसायी छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माण लगायतका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमानभन्दा ०.५१ देखि ३२.९० प्रतिशतसम्म घटीमा गर्ने गरी कबोल भएअनुसार कार्यान्वियन गराएको पाइयो। स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमानभन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधिसम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्बन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

क्र.सं.	योजनाको नाम	लागत अनुमान	सम्झौता रकम	निर्माण व्यवसायी	घटी प्रतिशत
१	अर्जुन चौपारी पहुँच मार्ग	४०५०९४११.२७	२८००९१०७.१९	लम्साल हेजल जेभी	३०.८६
२	अर्जुन चौपारी रापाकोट तालपोखरी सडक	५९९९९०९३.७६	४४२३३६४२.०८	बुद्ध निर्माण सेवा	२६.२८
३	अर्जुन चौपारी लामडाँडा सडक	१९९९९६२९.७९	१३४१९६८१.०३	शुभ सुभम कन्स्ट्रक्सन	३२.९
४	अर्जुन चौपारी सिमलचौर मुसुरबारी दरौ सडक	१९९९६९६९.५१	१३८५१७४५.१५	शुभ सुभम कन्स्ट्रक्सन	३०.७३
५	नवग्रह भौतिक पूर्वाधार निर्माण (भेरियसन आदेश समेत)	६४६८६८०.८२	६६६५२२५.	अर्जुनचौपरी निर्माण	-३.०४
६	प्रशासनिक भवन कम्पाउण्ड निर्माण	४६१६६६४.८५	३३९४३८७.०५	गह्रौ निर्माण	२६.४८
७	आरुचौर सडक	९९९९८८०.०४	९५४७२७८.	अर्जुनचौपारी निर्माण	४.५३
८	कौडीखोला पुरनबारी गडेरीखोला अर्जुनचौपारी सडक	८१४०८७१.०८	६२१९१७९.	फुरसमता कालिका कन्स्ट्रक्सन	२३.६१
९	पिपलडाँडा माझपाटा, बिरौटा माझपाटा, मगरडाँडा ढकालडाँडा सडक	२९९७२५४.६७	२९४८०२६.	एसी निर्माण सेवा	१.६४
१०	अर्जुन चौपारी गणित तथा विज्ञान आउटडोर लर्निङ सेन्टर	६१७०३२१.७९	५८६४०७०.	अर्जुनचौपारी निर्माण	४.९६
११	हिले दरौ सडक	५६७४६५३.९९	५४५६९६९.८९	एसएस कन्स्ट्रक्सन	३.८४
१२	दलित तथा पर्यावरण संग्रहालय	४४९९९३७.८५	४३६९२१२.४७	एसएडी निर्माण	२.९१
१३	वडा नं. १ स्वास्थ्य चौकी निर्माण	५२४१७९७.२१	४७४६९६१.७७	सोनिभ कन्स्ट्रक्सन	९.४४
१४	एप्रोच रोड (वडा नं. १-६) (बहुवर्षीय सम्झौता)	७०१८३३७०.२५	४८३०९८०६.३३	पोखरा/मनोज/ टुडे जेभी	३१.१७
१५	चारपाङ्ग्रे सवारी खरिद	७५०००००.	७४६१५००.०१	बीबी अटो मोबाइल प्रालि	०.५१

९ **ठेक्का अभिलेख-**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेस्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१० **वार्षिक खरिद /गुरुयोजना-**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२१,१५,३८,७०५।६४ पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

११ **योजना प्राथमिकीकरण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट

पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।३ मा रु.५६ करोड ६० लाख ७५ हजारको बजेट सभा समक्ष पेस गरेकोमा सभाबाट मिति २०८०।३।३ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ८१.६० प्रतिशत मात्रै खर्च भएको अवस्था छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	१०३	-	१२	९१
२.	वडास्तरीय	११८	-	-	११८
	जम्मा	२२१	-	१२	२०९

उपर्युक्त विवरणअनुसार पालिकाले साना योजनाहरू सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजनामध्ये २०६ योजनामात्र कार्यान्वियन भई १५ योजना कार्यान्वियन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

१२ बजेट पेस, पारित र अख्तियारी-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।३ मा रु.५६ करोड ६० लाख ७५ हजारको बजेट सभा समक्ष पेस गरेकोमा सभाबाट मिति २०८०।३।३ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ८१.६० प्रतिशत मात्रै खर्च भएको अवस्था छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

१३ आर्थिक सहायता-

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। पालिकाले कार्यपालिका तथा अध्यक्षको तोक आदेश अनुसार विभिन्न २४ संघसंस्था र व्यक्तिहरूलाई रु.६,१२,६००।- आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१,४५,०८,५२०।-, को ४.२२ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

१४ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१५ **सिफारिस-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ। यस पालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छः

विवरण	सेवा प्राप्तिमा लागि निवेदन सङ्ख्या	सिफारिस सङ्ख्या
जन्मदर्ता	३९२	३९२
मृत्युदर्ता	७१	७१
बसाईसराई दर्ता	८६	८६
विवाह दर्ता	१८४	१८४
सम्बन्धविच्छेद दर्ता	२४	२४

१६ **न्यायिक समिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको १४ गरी कुल १६ विवाद दर्ता भएकोमा १४ वटा मात्र फर्स्यौट भई २ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१७ **कानुन र सञ्चालन स्थिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। यस पालिकाले हालसम्म २२ वटा ऐन, १० वटा नियमावली, ४८ कार्यविधि लगायत ८० वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

१८ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गतेभित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १८ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेस भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

१९ **कर तथा शुल्क असुली-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	१०२५०००	११५५३१३.८९	११२.७१
घरजग्गा वहाल कर	६००००	३२५४४४	५४२.४१
व्यवसाय कर	३०००००	५०४२०१	१६८.०७
वहाल विरौटी शुल्क	०	१२२५००	

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले अनुमान अनुसार असुल हुनसक्ने गरी क्षमता र जनशक्ति परिचालन गर्नुपर्दछ।

२० **आय अनुमान-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेस गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ७० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.१,४५,०८,५२०।- आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ ध्यान दिन आवश्यक देखिएको छ।

२१ **पेस्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्यादभित्र फर्स्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.१,२८,००,०००।- बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेस्की रु.५०,०००।- फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेस्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

क्र.सं.	पेस्कीको विवरण	पेस्की लिने ब्यक्ति फर्म वा कम्पनीको नाम	चालु आ. व.		
			म्याद ननाघेको रकम	म्याद नाघेको	जम्मा
१	**ठेकेदार**				
२	अर्जुनचौपारी-रापाकोट-तालपोखरी सडक	बुद्ध निर्माण सेवा	३९०००००		३९०००००
३	अर्जुनचौपारी-रापाकोट-तालपोखरी सडक	बुद्ध निर्माण सेवा	४०००००		४०००००
४	अर्जुनचौपारी पहुँच मार्ग निर्माण	पोखरा—मनोज—टुडेज जे. भी.	६७०००००	०	६७०००००
५	अर्जुनचौपारी पहुँचमार्ग निर्माण	पोखरा—मनोज—टुडेज जे. भी.	१७५००००	०	१७५००००
२	**व्यक्तिगत**				०
१	सेवा र परामर्श खर्च	तुलसी गिरी	०	५००००	५००००
		कुल जम्मा	१२७५००००	५००००	१२८०००००

पेश्की	५०,०००

२२ **तलबी प्रतिवेदन-**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ १५ कर्मचारीको रु.९६ लाख ३५ हजार ५ र पालिकाका चालुतर्फ २८ कर्मचारीको रु.१ करोड ७६ लाख ४९ हजार गरी

रु. २ करोड ७२ लाख ८४ हजार ५ सय खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२३ **दरबन्दी पदपुर्ती**-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५५ जनाको पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत सातौ/आठौ शिक्षा सेवा, कृषि विकास अधिकृत सातौ/आठौ, पशु विकास अधिकृत सातौ/आठौ, जनस्वास्थ्य अधिकृत सहित ११ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्न सक्ने हुदाँ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२४ **जिन्सी व्यवस्थापन** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०० मा प्रत्येक कार्यालयले गत आर्थिक बर्षको मौज्दात, चालू आर्थिक बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान र वस्तुगत सहायताको रुपमा प्राप्त भएको मालसामान समेत उल्लेख गरी कुल सम्पत्ति तथा जिन्सी मालसामानको परिमाण र मूल्य, चालू आर्थिक बर्षमा लिलाम, मिनाहा वा हस्तान्तरण भई खर्च भएको परिमाण र मूल्य तथा बाँकी जिन्सी मालसामानको परिमाण र मूल्य समेत खुलाई जिन्सी मालसामानको श्रेष्ता महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले संचालनमा ल्याएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स भि १) बाट आ.व.०८०।८१ मा मौज्दात रहेका खर्च भएर जाने एवं खर्च भएर नजाने जिन्सी मालसामानको मौज्दात विवरण पाम्स भि २ मा यस बर्ष अल्या भएको छैन । जसले गर्दा गत आ.व.को जिन्सी मालसामानको अन्तिम मौज्दात संख्या , रकम , यस बर्षको खर्च र वास्तविक मौज्दात बाँकीको विवरण यकिन गर्न सकिने स्थिती छैन । साथै यस बर्ष खरिद गरिएका खर्च भएर जाने जिन्सी मालसामानहरु पाम्स भि २ प्रणालीमा अधिकांशत मौज्दात बाँकी देखिएकाले खरिदको औचित्य र प्रयोगको स्थितिका सम्बन्धमा समेत स्पष्ट अद्यावधिक विवरण राखेको पाईएन ।जसले गर्दा जिन्सी मालसामान सँग सम्बन्धित प्रतिवेदनहरुमा यथार्थ विवरण चित्रण नहुने, जिन्सी मालसामान एवं सम्पतिको हिनामिना हानीनोक्सानी हुन सक्ने सम्भावना देखिएकाले महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स भि २) लाई स्तरोन्नति गरी कर्मचारीहरुलाई प्रणाली सञ्चालनका सम्बन्धमा आवश्यक अभिमुखिकरण गर्नुपर्दछ ।

उदाहरणार्थ

जिन्सी मालसामानको नाम	पाम्स भि २ मा नसरेको परिमाण	रकम
ल्यापटप	२०	२०३०२२१।
डेस्कटप कम्प्युटर	३७	२०८९१८७
प्रिन्टर	३९	५२०८६४।

२५ **टुक्रा पारि खरिद** -

सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने¸ नियम ८४ मा रु. २० लाख सम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने र नियम ३१ मा रु.२० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले खरिद योजना तथा एकै प्रकृतिको सामग्रीको प्याकेज नबनाई पटक-पटक गरी खरिद गरेको देखिन्छ। यसबाट खरिद पक्रियामा प्रतिस्पर्धा एवं पारदर्शिता सीमित हुन जान्छ । पालिकाले एकै

प्रकृतिका सामग्रीहरूको प्याकेज तयार गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा त्यस्तो नगरेकाले प्रतिष्पर्धा सीमित हुने गरि सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । केही उदाहरणहरुः

गो भौ र मिति	**सामग्री**	**आपुर्तिकर्ता**	**भुक्तानीरकम**
२६ २०८१।६।१९	कम्प्युटरजन्य सामान	भोलेबाबा इन्टरप्राइजेज	७६१८०
२७ २०८१।६।१९	कम्प्युटरजन्य सामान	लेखा कम्प्युटर्स एण्ड गुड्स सप्लायर्स	६०१२०
२८ २०८१।६।१९	कम्प्युटरजन्य सामान	हरिकला इन्टरप्राइजेज	१२४२७७
५१ २०८१।७।१२	कम्प्युटरजन्य सामान	द एपेक्स कम्प्युटर सोरुम	१८००००
१८८ २०८१।९।२१	कम्प्युटरजन्य सामान	द एपेक्स कम्प्युटर सोरुम	२५०००
४२३ २०८२।१।२२	कम्प्युटरजन्य सामान	हरिकला इन्टरप्राइजेज	९८७०५
४३९ २०८२।१।२३	कम्प्युटरजन्य सामान	पिनाकल कम्प्युटर्स	९९४४०
४३८ २०८२।१।२३	कम्प्युटरजन्य सामान	भोलेबाबा इन्टरप्राइजेज	९८८७५
४३५ २०८२।१।१७	कम्प्युटरजन्य सामान	लेखा कम्प्युटर्स एण्ड गुड्स सप्लायर्स	७९८३४
४२९ २०८२।१।१२	कम्प्युटरजन्य सामान	लेखा कम्प्युटर्स एण्ड गुड्स सप्लायर्स	९६५०२
६९९ २०८२।३।२४	कम्प्युटरजन्य सामान	भोलेबाबा इन्टरप्राइजेज	९६५००
७०० २०८२।३।२४	कम्प्युटरजन्य सामान	हरिकला इन्टरप्राइजेज	५७२९१
६०५ २०८२।३।१६	कम्प्युटरजन्य सामान	लेखा कम्प्युटर्स एण्ड गुड्स सप्लायर्स	९९५००
६०६ २०८२।३।१६	कम्प्युटरजन्य सामान	हरिकला इन्टरप्राइजेज	९९४४०
५२६ २०८२।२।३०	कम्प्युटरजन्य सामान	आइटि कम्प्युटर प्रा लि	३०००००
	जम्मा		१५९१६६४
विभिन्न गो भौ र मितिबाट वडा तर्फ खरिद	स्टेशनरीसामान	ग्यालेक्सी कम्प्युटर स्टेशनरी एण्ड अफसेट प्रेस	३४९२३०
६७ २०८१।७।२७	स्टेशनरीसामान	न्यु अधिकारी स्टेशनरी स्टोर्स	५९८४०
४१९ २०८१।१।११	स्टेशनरीसामान	सरस्वती पुस्तक सदन	११०६०
४६७ २०८२।२।२	स्टेशनरीसामान	न्यु अधिकारी स्टेशनरी स्टोर्स	३४४६५
५४१ २०८२।३।८	स्टेशनरीसामान	ए टुजेड स्टेशनरी सप्लायर्स	१९७६०
२४६ २०८१।६।१९	स्टेशनरीसामान	हेलो स्टेशनरी	१८८३१४
१६३ २०८१।९।१६	स्टेशनरीसामान	हेलो स्टेशनरी	९८४७९
३६३ २०८१।१२।२१	स्टेशनरीसामान	हेलो स्टेशनरी	२९८०२५
६५५ २०८२।३।२२	स्टेशनरीसामान	हेलो स्टेशनरी	४७०८७
६२२ २०८२।३।१७	स्टेशनरी सामान	हेलो स्टेशनरी	९२३४३
जम्मा			११९८६०३
कुलजम्मा			२७९०२६७

२६ **वितरणमुखि खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले प्रतिफल अधिकतम नहुने र सो खर्च नगर्दा समेत कार्यसञ्चालनमा बाधाँ नपर्ने योजना तथा कार्यक्रममा कार्यविधि बेगर वितरणमुखी खर्च गरेको देखिन्छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । आन्तरिक आम्दानी समेत न्युन रहेको र कालान्तरमा यस्ता खर्चले पालिकालाई कार्यसञ्चालनमा समेत थप दायित्व सृजना गर्ने हुनाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।यस्ता किसिमका वितरणमुखी खर्चका केही उदाहरणहरू यस प्रकार छन्:

गोभौ नं मिति	विवरण	भुक्तानी **पाउने**	भुक्तानी **रकम**
४५ २०८१।६।२२	भलिबल खेलकुद सहयोग	दरौ युवा क्लब	९००००
४२ २०८१।६।२२	तिज दरखाने कार्यक्रम	श्री कालिका पुस्तकालय	२००००
	मौलो पुजा	बेग बहादुर बुढा	८०००
३९ २०८१।६।२२	तिज गित प्रतियोगिता प्रयोजन	दलित उत्थान केन्द्र	१०००००
१५१ २०८१।९।८	रुरु गौ सेवा आश्रम सहयोग	रुरु गौ सेवा आश्रम	५११५१
४४२ २०८२।१।२३	खेलकुद सहयोग	दरौखाला युवा परिवार	५००००
४५६ २०८२।१।२६	खेलकुद सहयोग	गुप्तेश्वर युवा क्लव	५००००
५१० २०८२।२।२७	खेलकुद सहयोग	सञ्जिवनी युवा परिवार	३५०००
६२९ २०८२।३।१८	मादल वितरण	५७ आमा समुह	१९३०००
६२७ २०८२।३।१८	हिले जात्रा सहयोग	स्याङ्जा युथ क्लब	१५०००
५४४ २०८२।३।८	खेलकुद सहयोग	युथ फर अर्जुनचौपारी	५००००
६२३ २०८२।३।२५	धान रोपाई कार्यक्रम सहयोग	नव जागरण युथ क्लब	२००००
जम्मा			६८२१५१

२७ **पोषण कार्यक्रम-**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२८ **नवग्रह कृषि फार्म-**

स्याङ्जा जिल्लाको आ.व. २०८१।८२ को जिल्ला दररेटमा सवारिसाधन/औजार भाडामा लिदा(इन्धन,ड्राइभर र हेल्परको भत्ता समेत) प्रति मिनेट रु १२.०३ का दरले प्रयोग गर्नेगरि दररेट निर्धारण गरेको छ । पालिकाले खेतिका लागि नवग्रह कृषि फाममा ट्याक्टर प्रयोग गरि जोत्ने क्रममा प्रति मिनेट ट्याक्टर प्रयोग गर्दा जिल्ला दररेटममा निर्धारित दर भन्दा बढी हुने गरि निम्नानुसारको कार्यमा भुक्तानी गरेको देखिन्छ । यसरि जिल्ला दर मा निर्धारण गरिएको दर भन्दा बढी हुने गरि निम्नानुसारको गो भौ न र मितिबाट भुक्तानि गरिएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

गो भौ मिति	भुक्तानी पाउनेको नाम	कुल प्रयोग भएको समय(मिनेट)	जिल्ला दर(प्रति मिनेट)	सम्झौता गरिएको दर(प्रति मिनेट)	बढी भएको दर	बढी भुक्तानी रकम
१७७ २०८१।९।१७	कमल कान्त अर्याल	१८२५	१२	५५	४३	७८४२०
३२६ २०८१।१२।१३	जग नारायण यादव	१८१	१२	६०	४८	८६८३
					जम्मा	८७१०३

असुल गर्नुपर्ने	८७,१०३

२९ **बीमा-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ को उपनियम १(घ) मा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानि नोक्सानीको निर्माण व्यवसायीले बीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले निम्न बमोजिम खरिद सम्झौता गरि कार्यस्थल सुम्पिएको मितिभन्दा धेरै समय पछाडि मात्र निर्माण व्यवसायीले बीमा गराएको कागजात पेश गरेको अवस्थामा बीमा बापतको रकम भुक्तानी गरेको छ । खरिद सम्झौता एवं नियममा उल्लेख भए अनुसार निर्माण व्यवसायीलाई बीमा गर्न लगाउनुपर्दछ ।

कामको विवरण	निर्माण व्यवसायीको नाम	सम्झौता रकम	सम्झौता मिति	बीमा गरेको मिति
आरुचौर सडक खण्ड निर्माण	अर्जुनचौपारी कन्स्ट्रक्शन प्रा.लि.	९५४७२७८।	०८१।८।१८	०८२।२।२२
कौडीखोला पुरनबारी गडेरी खोला अर्जुनचौपारी सडक स्तरोन्नति कार्य	फुर्सामाटा कालिका कन्स्ट्रक्शन	६२१९१७९।	०८१।८।२०	०८१।११।११

३० **धरौटी कट्टा नगरेको-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ बमोजिम विल विजकको भुक्तानी गर्दा उपनियम ४ र ५ बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनि बापत रनिङ्ग विल बा विजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका निर्माण व्यवसायीलाई रु ६११६२ रिटेन्सन मनि कट्टा नगरेकोले नियमको पालना नभएको रु

सिन	भौन मिति	व्यवसायीको नाम	विवरण	विल रकम	कट्टा गर्नुपर्ने रकम
२	६०।०८१।१०।६	एसि निर्माण सेवा प्रालि स्यङ्गजा	बाटो निर्माण	७३२१०४	३६६०५
३	२५५।०८२।१।२३	सुस्विन क एण्ड सप्लायर्स प्रालि	निर्माण कार्य	४९११५९	२४५५७
		जम्मा			**६११६२**

अनियमित भएको	६१,१६२

३१ **बैठक भत्ता**- (१३-2081-06-21):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३३ मा प्रचलित कानूनमा व्यवस्था भएको वा लेखा उत्तरदायी अधिकृतको निर्णय बमोजम गठन भई एकभन्दा बढी निकायको पदाधिकारी समावेश हुने समितिको बैठक कार्यालय समय अघि वा पछि गर्नु परेमा त्यस्तो बैठकमा उपस्थित हुने सदस्यलाई तोके बमोजिमको दरमा बैठक भत्ता दिने व्यवस्था छ । साथै प्रदेश खर्चको मापदण्ड २०७९ परिच्छेद २ को ३ मा बैठक भत्ताको मापदण्ड सम्बन्धि व्यवस्था रहेको छ । सो बुदाको (ग) मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गरिने छैन भन्ने स्पष्ट व्यवस्था रहेको छ साथै सोहि मापदण्डमा कानून तथा कुनै निर्णय एवम् आदेशबाट गठित समिति वा कार्यदलको बैठकका लागि मात्र भत्ता प्रदान गरिने उल्लेख छ । बैठकमा आवश्यकतानुसार बढीमा तीन जना सम्म थप व्यक्ति राख्न सकिनेछ । कार्य प्रकृति अनुसार मितव्ययी ढङ्गले न्यूनतम संख्यामा बैठक बसी कार्य सम्पन्न गर्नु पर्नेछ । बैठक सार्वजनिक बिदाका दिन वा कार्यालय खुलेको दिन कार्यालय समय अघि वा पछि बसेको हुनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । अनलाइन ठेक्का प्रणाली, शिल्डबन्दी दरभाउपत्र, कोटेशन, सामाग्री खरिद तथा कार्यक्रम सञ्चालन बैठकहरू कार्यालयका नियमित कार्य भएता पनि बिभिन्न समयमा पालिकाका मात्र कर्मचारी समावेश भएको बैठक बसी बिभिन्न कर्मचारीलाइ प्रति बैठक रु.१५००। ले हुने रु.२१६०००।०० बैठक भत्ता भुक्तानी गरेको छ । मापदण्डमा भएको ब्यवस्था अनुसार भुक्तानी गर्नुपर्नेमा नियमको पालना नभएको (कर वाहेक) रु

अनियमित भएको	१,८३,६००

३२ **न्यून विद्यार्थी संख्या भएका विद्यालय-**

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ। साथै नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरू उल्लेख गरेको छ। यस पालिका मातहतमा कुल ३० सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा उक्त विद्यालयहरूलाई यस पालिकाबाट जम्मा रु.१३,०१,३३,३३९।- निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरणअनुसार निम्नानुसार २२ विद्यालयमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको बेहोरा देखिन आयो।

क्र.सं.	विद्यालयको नाम र ठेगाना	शिक्षक दरबन्दी	संचालित कक्षा	विद्यार्थीको संख्या	शिक्षक संख्या		यो वर्ष कुल निकासा
					स्थायी	अस्थायी/करार	
१	श्री पञ्चकन्या मा.वि.	२९	१२	४५१	१८	११	२१०४८२७३
२	श्री अमरज्योति मा.वि.	१४	१०	१४७	११	३	९३९६७०९
३	जन मा.वि	१८	१२	२४५	१४	४	१२२५६९२४
४	सर्वोदय मा.वि.	१८	१२	११७	१४	४	११७२३३८१
५	घण्टे मा.वि.	१६	१२	१०१	८	८	९९२४९५८
६	दराँै मा.वि.	१५	१२	१६५	९	६	१०१०९३९८
७	भवानी आ.वि.	२	३	१५	१	१	१६६१७५३
८	कृष्ण आ.वि.	२	३	२१	२		१८६००८८
९	पिपलडाँडा आ.वि.	२	३	७	१	१	१२६८१३१
१०	रानिचरी आ.वि.	५	५	५१	४	१	३३०९४३६
११	सिद आ.वि.	२	३	१५	१	१	१७०२६८१
१२	चण्डीडाँडा आ.वि.	२	३	८	२		१५९२३४९
१३	नवदुर्गा आ.वि.	२	३	११	२	०	१६८६४०३
१४	गणेश आ.वि.	४	५	२३	४		२८२३३५९
१५	जनप्रिय आ.वि.	२	३	३३	२		१७०३५१५
१६	कामक्ष्यदेवी आ.वि.	२	३	२२	२		१६७६६२५
१७	सरास्वती आ.वि.	८	८	३५	७	१	४८५८६७७
१८	आदर्श आ.वि.	४	५	४१	४		३०२८४८५
१९	लाकुरी आ.वि.	२	३	७	२		१७८७०६४
२०	शहिद आ.वि.	०	०	३			४८२८२५
२१	बयाले आ.वि.	४	५	३१	४		३६७६१७६
२२	बुद आ.वि.	८	८	५५	५	३	४९७९३३७
२३	दिपज्योति आ.वि.	४	५	२९	४		२८७८१२९
२४	देवीस्थान आ.वि	४	५	११	४		२३९९६३०
२५	कालिका आ.वि.	२	३	१८	१	१	१५७९०६७
२६	सुर्योदय आ.वि.	२	३	२७	२		१८८१४२१
२७	राष्ट्रिय आ.वि.	४	५	२४	४		४२२०३९
२८	गाउँफर्क आ.वि.	५	५	३७	४	१	३५६२४०६
२९	जन विकास आ.वि.	४	५	३४	४		३०४२६२४

३०	लक्ष्मी आ.वि.	३	५	९	३		१८११४७६
	जम्मा	**१८९**	**१६९**	**१७९३**	**१४३**	**४६**	**१३०१३३३३९**

३३ **शिक्षक तथा विद्यार्थी अनुपात-**

शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ। यस पालिका अन्तर्गत ३० वटा विद्यालयमा १८९ जना शिक्षक दरबन्दी भएकोमा १८९ जना पदपूर्ति भएको र पदपूर्तिमध्ये १४३ जना स्थायी र ४६ जना अस्थायी/राहत शिक्षक रहेको देखिन्छ।

क्र.सं.	विद्यालय	शिक्षक दरबन्दी	पदपूर्ति		विद्यार्थी संख्या
			स्थायी	अस्थायी/राहत	
१	३० विद्यालय	१८९	१४३	४६	१७९३

उपर्युक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विद्यार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १० जना विद्यार्थीहरूलाई पठन पाठन गराउनु पर्ने देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गीकरणमा स्याङ्जा जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ। शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनुपर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा १० जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा ज्यादै कम रहेको छ। पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नुपर्दछ।

३४ **निःशुल्क शिक्षा-**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकासदेखि बाह्र कक्षासम्मका कुल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसयदेखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत कुल २ संस्थागत विद्यालय सञ्चालनमा रहेको विवरण प्राप्त भएको छ। पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

३५ **पाठ्यपुस्तक बढी निकासा-**

३५.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.४.६.२ मा सामुदायिक विद्यालयका विद्यार्थीलाई पाठयपुस्तक उपलव्ध गराउँदा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई प्रति विद्यार्थीका दरले पाठयपुस्तक उपलव्ध गराउने व्यवस्था रहेको छ। पालिकाले गो. भौ. नं. १४१ मिति २०८२।२।५ मा पाठयपुस्तक खरिदको लागि देहायका विद्यालयलाई रकम वितरण गरेकोमा विद्यालयबाट प्राप्त विवरण बिल भरपाई परीक्षण गर्दा बिल रकमभन्दा बढी निकासा भएको पाइएकोले सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने रु.४४२४

क्र.सं.	विद्यालयको नाम	कक्षा	निकासा रकम	बिल र भरपाई पेस भएको रकम	बढी निकासा
१	पञ्चकन्या मा. वि.	१२	१८६४४	१४२२०	४४२४

असुल गर्नुपर्ने	४,४२४

३५.२

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **२३,७१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३६ **दिवा खाजा-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरूको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने, दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएका जङ्क फुडलाई निषेध गरी उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न स्थानीय कृषक, कृषिमा आधारित सहकारी/साना कृषक समूहबाट खरिद गर्ने र स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण, बिल भरपाई सुरक्षित राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसिमितिबाट अनुमोदन गरी विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने व्यवस्था छ। पालिकाले विद्यार्थीहरूको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित नगराई ३० वटा सामुदायिक विद्यालयको खातामा रु.२९,६२,५६६।- निकासा गरेको छ। विद्यालयलाई दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन। पालिकाले अनुगमन निरीक्षण गरी कार्यक्रम कार्यान्वयनको प्रगति तथा तोकिएबमोजिमको मार्गदर्शन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बिल भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

३७ **विद्यालय सुधार योजना-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१० को ५.१ विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिकको लागि आधारभुत तथा माध्यमिक तहलाई प्रति विद्यालय क्रमश: रु.१५,०००।- र रु.२०,०००।- का दरले वार्षिक रुपमा एकमुष्ठ अनुदान उपलब्ध गराउने व्यवस्था छ। यस वर्ष पालिकाले १२६।२०८२।१।१० बाट पञ्चकन्या माध्यमिक विद्यालयलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ रु.२०,०००।- निकासा दिएकोमा कार्यान्वयन पुस्तिकाअनुसारको क्रियाकलाप सहितको विद्यालय सुधार योजना पेस गेरको छैन। विद्यालयले समयमै विद्यालय सुधार योजना निर्माण गरी पेस गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२०,०००

३८ **शीर्षक फरक-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को खण्ड १ को बुँदा नं. २(६) मा एक बजेट उपशीर्षकमा विनियोजन भएको रकम अर्को बजेट खर्च नगर्ने, स्वीकृत नर्म्सको परिधिभित्र कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरिएका आधार र प्रकिया अनुरुप खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यस्तै क्रियाकलाप नं.१.१.३.४ मा माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद्अन्तर्गतका शिक्षक/कर्मचारी, प्राविधिक धारका प्रशिक्षक र सहायक प्रशिक्षकसमेत) मा अनुदान नपुग भएमा आधार र औचित्यसमेत उल्लेख गरी अनुसूची-१ अनुसारको फाराम भरी प्रमाणित गराई २०८१ माघ मसान्तसमेम शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाइले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गरी यकिन गर्ने। यकिन भएको विवरणअनुसार तलब भत्ता अपुग हुने देखिएमा सिफारिस साथ २०८१ फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको योजना तथा अनुगमन शाखामा पठाउने उल्लेख छ। पालिकाले निम्नानुसार भौचर तथा शीर्षकबाट शिक्षक तथा कर्मचारीहरूको तलब भत्ता शीर्षकमा

रु.१३,७०,६१३।- निकासा दिएकोमा कार्यान्वयन पुस्तिका अनुसारको आधार र औचित्यसमेत उल्लेख नगरेको र अनुसूची-१ अनुसारको फारम समेत प्रमाणित गरेको पाइएन। जुन बजेट शीर्षकमा बजेट विनियोजन भएको हो त्यही खर्च शीर्षकबाट खर्च मात्र खर्च गर्नुपर्नेमा शीर्षक फरक पारी गरिएको खर्च नियमसम्मत नदेखिएको रु.

भौ.नं.। मिति	**खर्च शीर्षक**	**खर्च भएको शीर्षक**	**खर्च रकम**
१८४। २०८१। ३।१०	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद्अन्तर्गतका शिक्षक/ कर्मचारी, प्राविधिक धारका प्रशिक्षक र सहायक प्रशिक्षकसमेत)	११०००००
१८४। २०८१। ३।१०	शैक्षिक पहुँच सुनिश्चतथा, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (पराम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम)		२७०६१३
		जम्मा	१३७०६१३

अनियमित भएको	१३,७०,६१३

३९ **इन्टरनेट व्यवस्थापन खर्च-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१० को ५.५ मा विद्यालयमाप इन्टरनेट व्यवस्थापन अनुदान अन्तर्गत इन्टरनेट जडान गर्ने र जडिट इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनले आधारभूत तह (कक्षा १-५) प्रति विद्यालय रु.१२,०००।-, आधारभूत तह (कक्षा १-८) रु.१५,०००।- र माध्यमिक तहका लागि रु.२०,०००।- का दरले वार्षिक रुपमा एकमुष्ठ अनुदान उपलब्ध गराउने व्यवस्था छ। यस वर्ष पालिकाले भौ.नं. १२६।२०८२।१।१० बाट नवदुर्गा आधारभूत विद्यालयलाई रु.१२,०००।- इन्टरनेट व्यवस्थापन अनुदान दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि इन्टरनेट जडान वा जडिट इन्टरनेट शुल्क तिरेको विजक पेस नभएकोले सो पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१२,०००

४० **गैरआवासीय छात्रवृत्ति-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४१ **बीमा गराउनुपर्ने-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४२ **कृषि, पशु अनुदान-**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा

स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट कृषितर्फ ५११ जना कृषकको लागि रु.२५,०७,९९५।- खर्च भएको बेहोरा निम्नानुसार देखिन्छ।

क्र.सं.	अनुदानको किसिम	व्यक्ति संख्या	अनुदान रकम
१	वर्खे वीउ विजन वितरण	३८	३४५६३५
२	प्याज वीउ वितरण	३४	६००००
३	आलुको वीउ वितरण	४८	६०५३६०
४	हिउँदे वीउ विजन वितरण	२५	३६६५५१
५	सुन्तला वेर्ना वितरण	२२१	३९७२१५
६	सुन्तला सामाग्री वितरण	४९	१०७१२६
७	आरन पंखा वितरण	३१	१२६१०८
९	पहाडे गाई संरक्षण कार्यक्रम	६५	५०००००
	जम्मा	५११	२५०७९९५

यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

४३ **सञ्चार खर्च-**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा १५(१) कानूनबमोजिम बाहेक कुनै पनि प्रकारको प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता लगायतका भत्ता प्रदान गर्न नमिल्ने उल्लेख छ। पालिकाले स्वास्थ्य शाखामा कार्यरत कर्मचारी र ६ स्वास्थ्य संस्थाका इन्चार्जलाई प्रति महिना रु.५००।– का दरले रु.१६,०००।– सञ्चार खर्च वापत भुक्तानी गरेको छ। पालिकाले यस्ता खर्चहरू सभाबाट कार्यविधि स्वीकृत गराइ सो आधारमा पालिकाको आफ्नो आन्तरिक आम्दानीबाट भुक्तानी दिनुपर्नेमा संघीय सशर्त अनुदान शीर्षकमा प्राप्त बजेटबाट कर्मचारीहरूलाई यस प्रकारको भत्ता भुक्तानी दिने कार्यलाई नियमसम्मत नदेखिएको रु.

भौ.नं.।मिति	**वापत**	**भुक्तानी पाउने**	**रकम**
१०५।२०८२।१२।१५	स्वास्थ्य शाखा र स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरूको सञ्चार खर्च	इन्द्र बहादुर नेपाली	४५००
१२५।२०८२।१।१०	स्वास्थ्य शाखा र स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरूको सञ्चार खर्च	इन्द्र बहादुर नेपाली	४०००
162।2082।2।29	स्वास्थ्य शाखा र स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरूको सञ्चार खर्च	इन्द्र बहादुर नेपाली	४०००
२१३।२०८२।३।१७	स्वास्थ्य शाखा र स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरूको सञ्चार खर्च	इन्द्र बहादुर नेपाली	३५००
		जम्मा	१६०00

अनियमित भएको	१६,०००

४४ **बढी भुक्तानी-**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४५ **औषधि खरिद-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष ६ बिक्रेताबाट खुला दरभाउपत्र र सोझै खरिदको माध्यमबाट जनस्वास्थ्य सम्बन्धी औषधि, सर्जिकल र उपकरण तथा औजार खरिदमा जम्मा रु.२६,८४,१९८।- भुक्तानी गरेको विवरण प्राप्त भएको छ। त्यसैगरी आयुर्वेदतर्फ २ बिक्रेताबाट खुला दरभाउपत्रको माध्यमबाट आयुर्वेद सम्बन्धी औषधि खरिदमा जम्मा रू.१५,००,१५१।- भुक्तानी गरेको विवरण प्राप्त भएको छ। यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छन्:

- आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधि एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,
- औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधि प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरूको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४६ **विपन्न नागरिकलाई औषधी उपचार-**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ। नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया बारेमा उल्लेख छ। सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ।नेपाल सरकारले यस्ता कार्यको लागि बजेट व्यवस्था गरेको देखिन्छ। सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरिब जस्ता लक्षित वर्गलाई निःशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत यो वर्ष यस पालिका अन्तर्गतका २९ जनाको लागि रु.२९,००,०००।- निम्नानुसार अस्पतालहरूमा सिफारिस गरेको विवरण पेस गरेको छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना र उपचारको किसिम तथा रकम खुल्ने विवरण सम्वन्धित अस्पतालबाट प्राप्त गरी लक्षित वर्गले उक्त अनुदान वा सहायता पाए नपाएको बारेमा अनुगमन र विवरण वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्दछ।

क्र.सं.	अस्पतालः नाम ठेगाना	उपचारको किसिम	व्यक्ति संख्या
१	वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल, चितवन	क्यान्सर	८
२	धुलिखेलहस्पिटल, काठमाडौ	कलेजो	२
३	चरक मेमोरियल हस्पिटल, पोखरा	मृगौला	१
४	मनिपाल टिचिङ्ग हस्पिटल, पोखरा	क्यान्सर	२
		मुटु रोग	१
५	मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, काठमाडौ	मुटु रोग	१
६	शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसवारी काठमाडौ	मुटु रोग	५
७	टिचिङ	क्यान्सर	१
८	गण्डकी मेडिकल कलेज, पोखरा	हेड इन्जुरी	४
९	चितवन मेडिकल कलेज, भरतपुर	क्यान्सर	१
१०	HAMS हस्पिटल, काठमाडौ	मुटु रोग	१
११	गौतम बुद्व सामुदायिक मुटु अस्पताल, बुटवल १०	मुटु रोग	१
१२	कान्ति बाल अस्पताल, काठमाडौ	क्यान्सर	१
		जम्मा	२९

४७ **औषधि खरिद टुक्राएको-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ। सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रू.२५ लाखसम्मको औषधि उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रीमुल्यमा सोझै खरिद गर्न सकिने प्रावधान रहेको छ। सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले यो वर्ष जनस्वास्थ्य तर्फ औषधि तथा सर्जिकल सामान खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ शिलबन्दी दरभाउपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद नगरी ९ बिक्रेताबाट खुला कोटेसनको माध्यमबाट लागत अनुमान भन्दा न्युन दरमा जनस्वास्थ्य तथा आयुर्वेद सम्बन्धी औषधि सोझै खरिद गरी रु.४१,८४,३४९।- भुक्तानी गरेको छ। खरिद नियमावलीको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

भौ.नं.।मिति	विवरण	आपूर्तिकर्ता	रकम
आयुर्वेद तर्फ			
२१।२०८१।६।२२	आयुर्वेद औषधि खरिद	अनन्तदृष्टि आयुर्वेद भवन	९९९३१
२१।२०८१।६।२२	आयुर्वेद औषधि खरिद	ओशोपथ आयुर्वेद फर्मा	९९६५०
२२।२०८१।६।२२	आयुर्वेद औषधि खरिद	अनन्तदृष्टि आयुर्वेद भवन	१५५९१४
२३।२०८१।६।२२	आयुर्वेद औषधि खरिद	अनन्तदृष्टि आयुर्वेद भवन	४९९४०१
२१५।२०८१।१०।४	आयुर्वेद औषधि खरिद	ओशोपथ आयुर्वेद फर्मा	४९९८०५
४४३।२०८२।१।२३	आयुर्वेद औषधि खरिद	अनन्तदृष्टि आयुर्वेद भवन	१४५४५०
		जम्मा	**१५००१५१**
स्वास्थ्य शाखातर्फ			
३४।२०८१।८।१४	औषधि खरिद	सेतीदेवी मेडिसिन सप्लायर्स प्रा.लि.	९७९२४९
१५५।२०८२।२।२७	औषधि खरिद	मानसरोवर मेडिहेल्थ प्रा.लि.	१४६७४०
२४५।२०८२।३।२४	स्वास्थ्य सामग्री खरिद	अदिती मेडी कन्सर्न प्रा.लि.	७३७६६
७३१।२०८२।३।२५	ल्याव सामाग्रि (पालिका)	क्लासिक ट्रेड कन्सर्न	२२४४२९
७०३।२०८२।३।३४	नियमित औषधि (पालिका)	अदिती मेडी कन्सर्न प्रा.लि.	७२०९९३
७०३।२०८२।३।३४	सर्जिकल सामान	एस पि सर्जिकल	२९८३२०
७००।२०८२।३।२४	क्यालसियम चक्की	विभुम मेडिसिन सप्लायर्स	२४०७००
		जम्मा	**२६८४१९८**
		कुल जम्मा	**४१८४३४९**

४८ **औषधिको सदुपयोग-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्बन्धमा उल्लेख रहेको छ। नियमावली, २०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरू रहेका छन्। कार्यालयमा गतवर्ष खर्च नभइ यो वर्ष मौज्दात सरि आएका, यो वर्ष आफैले खरिद गरेका र संघीय तथा प्रदेश सरकारका सम्बन्धित विभिन्न निकायबाट विभिन्न समयमा हस्तान्तरण भई आएका समेतका औषधि, सर्जिकल समान तथा उपकरणहरूको पालिका केन्द्रमा रहेका र मातहतका स्वास्थ्य संस्थामा रहेका औषधि तथा सर्जिकल सामानहरू र उपकरणको कायम मान्य अवधि समेत देखिने गरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन। कार्यालयबाट प्राप्त विवरणअनुसार निम्नानुसार विभिन्न परिमाणका औषधिहरू यो वर्षको अन्त्यमा म्याद समाप्त भई प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो। जसमध्ये धेरैको मूल्य समेत नखुलेको बेहोरा प्राप्त विवरणबाट देखियो। यसप्रकार औषधिहरू नोक्सानी हुनुमा तालुक सरकारका निकायहरूले घटी म्याद भएका औषधिहरू ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था सिर्जना हुन गएको बेहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ। यसरी सर्वसाधारण जनताको सुबिधालाई लक्षित गरी खरिद गरीएका औषधिहरु हानी नोक्सानी नहुने गरी समुचित तवरले व्यवस्थापन हुनुपर्दछ।

सि नं	औषधीको नाम	प्राप्ति (खरिद / प्रदेश सरकार / संघिय सरका)	म्याद समाप्त मिति	परिमाण	दर	मुल्य रु
१	B.C.G 20 dose	संघिय	1/31/2025	३	२.४९	७.४७
२	RDT malaria Test Kit	प्रदेश	6/30/2025	८४		०.००
३	Adrenaline 1:1000 inj	प्रदेश	8/31/2025	२९	२३.००	६६७.००
४	Ibuprofen 200 mg Tab	खरिद	5/31/2025	४३०	०.९०	३८७.००
५	Implant set	संघिय	8/31/2025	२		०.००
६	Jadelle trocar	संघिय	8/31/2024	७		०.००
७	Salbutamol 4mg Tab	प्रदेश	1/30/2025	४६०		०.००
८	Bilirubin test kit	खरिद	4/30/2025	१	२१००.००	२१००.००
९	Blood grouping reagent	खरिद	4/30/2025	२	८५०.००	१७००.००
१०	Pregnancy test kit	खरिद	10/20/2024	५६०	७.५०	४२००.००
११	Scrub typhus kit	प्रदेश	7/21/2025	२८	१३०.००	३६४०.००
१२	Zinc sulphate 20mg tab	प्रदेश	8/31/2025	७५०		०.००
१३	Vitamin A capsul	संघिय	2/28/2025	३८०	२.४९	९४६.२०
१४	Rutf	संघिय	6/30/2025	१७३	५२.०९	९०११.५७
१५	HR 75+150	संघिय	3/31/2025	१६८		०.००
१६	Pyrazinamide 400 mg tab	संघिय	2/28/2025	४०		०.००
१७	Ampicillin 500mg inj	प्रदेश	10/31/2024	३१		०.००
१८	Atropine sulphate inj	प्रदेश	10/31/2024	६		०.००
१९	Calcium gluconate 10ml inj	प्रदेश	12/31/2024	११०	१६.५०	१८१५.००
२०	Ceftriaxone 1g inj	प्रदेश	12/31/2024	३०		०.००
२१	Dexamethasone 4mg inj	प्रदेश	11/30/2024	२१		०.००
२२	Frusemide 10 mg inj	प्रदेश	1/31/2025	४०	९.००	३६०.००
२३	Hyocine Butylbromide 20mg inj	प्रदेश	7/31/2024	१०		०.००
२४	lignocaine 2%	खरिद	2/28/2025	१	३८.००	३८.००
२५	Magnesium Sulphate 1g inj	प्रदेश	8/31/2025 2024/12/31	११४	१६.००	१८२४.००
२६	metoclopramide 5mg inj	प्रदेश	1/31/2025	१०		०.००
२७	pheniramine maleate inj	प्रदेश	12/31/2024	१		०.००
२८	tranexamic acid 500 mg inj	प्रदेश	11/30/2024	७		०.००
२९	vitamin k 1ml inj	प्रदेश	12/31/2024	४५	२४.००	१०८०.००
	Acetyl Salicylic Acid 75 mg tab		9/30/2024			

३०		खरिद		५००	०.५२	२६०.००
३१	Carbamazepine 200 mg tab	प्रदेश	11/30/2024	१५००		०.००
३२	carbamazepine 100 mg tab	प्रदेश	11/30/2024	१०००		०.००
३३	mifepristone 200 mg + misoprostal 0.2mg tab	प्रदेश	8/31/2024	२१९		०.००
३४	domperidone 10 mg	प्रदेश	6/30/2025	५२		०.००
३५	fluoxetine 10 mg tab	प्रदेश	6/30/2025	९००		०.००
३६	fluoxetine 20 mg tab	प्रदेश	12/31/2024	१५००		०.००
३७	frusemide 40 mg tab	प्रदेश	8/31/2025	२००	१.२९	२५८.००
३८	hyocine Butylbromide 10mg tab	खरिद	4/30/2025	८५०	९.००	७६५०.००
३९	phenobarbitone 30 mg	प्रदेश	12/31/2024	२००		०.००
४०	phenobarbitone 60 mg	प्रदेश	12/31/2024	१५००		०.००
४१	risperidone 1 mg tab	प्रदेश	12/31/2024	२०००		०.००
४२	risperidone 2mg tab	प्रदेश	12/31/2024	२०००		०.००
४३	Tinidazole 500 mg tab	खरिद	6/30/2025	३००		०.००
४४	Valproic Acid 300 mg tab	प्रदेश	4/30/2025	२००		०.००
४५	azithromycine 200 mg syrup	प्रदेश	9/20/2024	१०		०.००
४६	clove oil	खरिद	12/31/2024	१०	३०.००	३००.००
४७	Dengue test kit	प्रदेश	10/31/2024	४		०.००
४८	ECG gel	खरिद	7/31/2024	२	१५०.००	३००.००
४९	pmtct kit	प्रदेश	11/17/2024	२३०	२९.५४	६७९४.२०
५०	hiv test kit	खरिद	7/31/2024	४७	८०.००	३७६०.००
५१	Pills cycle	संघिय	7/31/2024	११५		०.००
५२	large and small tips	खरिद	7/31/2025	३५०	०.६०	२१०.००
५३	oxymetazoline 0.025% nasal drop	खरिद	3/31/2025	२		०.००
५४	neomycine	खरिद	4/30/2025	३	३४.००	१०२.००
५५	chlorhexidine mouth wash solution	खरिद	11/30/2024	२		०.००
५६	urine strip 3 parameter	खरिद	8/23/2025	२	४५०.००	९००.००
५७	oxytocin 5 iu inj	प्रदेश	3/31/2025	२८		०.००
५८	tranexamic acid 500mg tab	प्रदेश	11/30/2024	६०		०.००
५९	platelet counting dilunt	खरिद	7/31/2025	१	११०७.४०	११०७.४०
६०	uric acid reagent	खरिद	3/31/2025	२	३०२५.००	६०५०.००

६१	cholestrol	खरिद	8/31/2025	२	३४१८.२५	६८३६.५०
६२	creatinine reagent	खरिद	8/30/2025	१	२१४७.००	२१४७.००
६३	metronidazole 200 suspension	खरिद	2/28/2025	१७	४२.००	७१४.००
६४	diclofenac 75 inj	प्रदेश	11/30/2024	२०	८.५०	१७०.००
६५	depo	संघिय	7/31/2025	४	८२.२४	३२८.९६
६६	widal reagent	खरिद	12/31/2024	१	६५०.००	६५०.००
६७	nifedipine 10 mg capsule	प्रदेश	4/30/2025	१८	२.००	३६.००
६८	gentamicin 40 mg inj	प्रदेश	11/30/2024	२२	१६.००	३५२.००
६९	diclofenace potassium 50 mg	खरिद	8/30/2025	२००	३.४८	६९६.००
७०	hcv test	खरिद	7/31/2025	७४	९०.४०	६६८९.६०
७१	clotrimazole vaginal tab	खरिद	8/30/2025	६०	९.५७	५७४.२०
७२	fluconazole 150 capsul	खरिद	8/30/2025	३६	१७.५०	६३०.००
७३	ferrous sulphate 60 mg + folic acid 0.4 mg	प्रदेश	8/30/2025	२०८०	०.४४	९१५.२०
७४	hydrocortisone ppwder inj	प्रदेश	11/30/2024	२३		०.००
७५	cloxacillin 500 capsul	खरिद	8/30/2024	१००	३.८०	३८०.००
७६	hyosine butylbromide 10 mg tab	खरिद	8/30/2025	२००	२.४०	४८०.००
७७	dexamethasone 2mg inj	प्रदेश	11/30/2024	२	१४.००	२८.००
७८	iv set	खरिद	8/31/2025	१०	१८.००	१८०.००
७९	nitrofurantion 100 mg tab	प्रदेश	1/31/2025	५०		०.००
८०	Ad syringe 0.05 ml	संघिय	8/10/2025	७४		०.००
८१	diazepam 5mg inj	प्रदेश	8/31/2025	१०		०.००
८२	amoxycillin 125 dt	खरिद	11/30/2024	३००	२.४०	७२०.००
८३	metformin 500	प्रदेश	8/30/2025	१५०	१.७०	२५५.००
			जम्मा	२०७८६		७८२५०.३०

४९ **साझा सुविधा केन्द्र (उद्यम घर)-**

गरिबी निवारणका लागि उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं. ३३(१) मा साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना गर्नु अघि शाखाले अनुसूची-१२ बमोजिम सम्भाव्यता अध्ययन गराउनुपर्ने उल्लेख छ। पालिकाले भौचर नं. १९७।२०८२।३। १६ बाट साझा सुविधा केन्द्र (उद्यम घर) निर्माणका लागि साझा सुविधा निर्माण उपभोक्ता समितिसँग सम्झौता गरी रु.४,८५,०००।– भुक्तानी गरेकोमा निर्देशिका बमोजिमको सभ्भावयता अध्ययन गराएको पाइएन। अतः निर्देशिकाको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५० **बैठक भत्ता-** (२४३-2082-03-24):

२४३।२०८२।३।२४ अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको सञ्चालन निर्देशिका, २०८१ को नवौं संशोधनको बुँदा नं. ४५ मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने साथै बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनुपर्ने उल्लेख छ। पालिकाले प्रधानमन्त्री स्वरोजगार शीर्षकअन्तर्गत रोजगार रणनीति अद्यावधिक र कार्यान्वयन सम्बन्धी निम्नानुसार मितिमा प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा कार्यालयका कर्मचारीहरू मात्र सहभागी भई बैठक बसी बैठक भत्ता वापत रु.७३,५००।– भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

सि.नं.	वापत	मिति	सहभागी संख्या	रकम	कैफियत
१	रोजगार रणनीति अद्यावधिक र कार्यान्वयन सम्बन्धी छलफल	२०८१।८।२७	१६	२४०००	कार्यालयका कर्मचारी मात्र संलग्न भएको र बैठक समय पनि उल्लेख नगरेको
२		२०८२।१।१०	१६	२४०००	
३		२०८१।११।१६	१७	२५४००	
		जम्मा	**४९**	**७३५००**	

अनियमित भएको	७३,५००

५१ **प्रधानमन्त्री स्वरोजगार कार्यक्रम-**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा १९ योजना सञ्चालन गरी यस वर्ष १५८ जनालाई औसत ४१ दिनले ६२२० दिन रोजगारी उपलव्ध गराई रु.४२,५८,५००।- श्रमिक ज्यालामा खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

५२ **सामाजिक सुरक्षा भत्ता-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,१३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **७,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **११,४६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२,१३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **३,३३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२,९३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **९,६०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३ **आन्तरिक लेखापरीक्षणबाट कायम बेहोरा-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। गाउँपालिकाले निम्नानुसार भौचरबाट देहायबमोजिमका उपभोक्ता समितिलाई भुक्तानी गर्दा डोर हाजिरीमा दररेट भन्दा बढी रकम राखी रु.८,२००।–भुक्तानी गरेकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

भौ.नं.।मिति	उपभोक्ताको नाम	कार्य विवरण	भुक्तानी रकम	बढी भुक्तानी
१६।२०८१।७।१७	जन मा. वि दोपाटेदेखि पहिरो नियन्त्रण उपभोक्ता समिति	पहिरो नियन्त्रण	२५५१७८	२४५०
१३८।२०८१।११।२६	कामाक्ष्य मन्दिर गेट तथा पर्खाल निर्माण योजना वापत उपभोक्ता समिति	पर्खाल निर्माण	२७३९४५	३७५०
१४०।२०८१।११।२६	कालिका मन्दिर जाने ढलान बाटो योजना वापत उपभोक्ता समिति	बाटो ढलान	४८२९१३	२०००
		जम्मा	१०१२०३६	८२००

असुल गर्नुपर्ने	८,२००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : अर्जुनचौपारी गाउँपालिका, स्यांजा , अर्जुनचौपरी गाउँपालिका , स्याङ्जा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	युवराज अर्याल	२०८१-०५-०९	हाल सम्म कार्यरत
लेखा प्रमुख	निलकण्ठ पाण्डेय	२०८०-६-३०	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२४९,३७०	१,७०४,८७५	४१३,९४१	०	०	५०,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२,४१८,१८६
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	५३१,५८४
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१,८८६,६०२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१९००२०५०३.३९	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२८३७८४३८०	**चालु खर्च**	२७१०४७०८०.१७
प्रदेश सरकारबाट अनुदान	१९८१४०००	**पूँजीगत खर्च**	२११५३८७०५.६४
राजश्व बाँडफाँट	६६८२७३४७.८७	**वित्तीय/अन्य व्यवस्था**	१३८६४२१४४.४७
आन्तरिक आय	१४५०८५२०.२८		
अन्य आय	१४०३०३४५६		
कुल आय	५२५२३७७०४.१५	**कुल खर्च**	६२१२२७९३०.२८
बाँकी मौज्दात		९४०३०२७७.२६	

अनुसूची - २

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर		६,९६,२०,१४०.६१	०.००	६,९६,२०,१४०.६१
१३०००	अनुदान		२९,४७,१९,५०६.५३	०.००	२९,४७,१९,५०६.५३
१४०००	अन्य राजस्व		१,१०,०१,९१७.९०	०.००	१,१०,०१,९१७.९०
१५०००	विविध प्राप्ति		९,५९,२३३.००	०.००	९,५९,२३३.००
क	कुल जम्मा प्राप्ति		३७,६३,००,७९८.०४		३७,६३,००,७९८.०४
३	चालु		२७,१०,४७,०८०.१७	०.००	२७,१०,४७,०८०.१७
२१०००	पारिश्रमिक / सुविधा		१८,०४,६०,६२४.८८	०.००	१८,०४,६०,६२४.८८
२२०००	मालसामान तथा सेवाको उपयोग		५,४१,४४,१७१.३५	०.००	५,४१,४४,१७१.३५
२५०००	सहायता (Subsidy)		१,७२,६६,११८.९४	०.००	१,७२,६६,११८.९४
२६०००	अनुदान		०.००	०.००	०.००
२७०००	सामाजिक सुरक्षा		१,३२,७४,६५९.००	०.००	१,३२,७४,६५९.००
२८०००	अन्य खर्च		५९,०१,५०६.००	०.००	५९,०१,५०६.००
४	पूंजीगत		२१,१५,३८,७०५.६४	०.००	२१,१५,३८,७०५.६४
३१११०	भवन तथा संरचना		८८,१४,९३३.००	०.००	८८,१४,९३३.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१,४१,८०,६७६.००	०.००	१,४१,८०,६७६.००
३११३०	अन्य पूँजीगत खर्च		५७,४५,१९८.००	०.००	५७,४५,१९८.००
३११४०	सुरक्षा उपकरण		४,७६,०५०.००	०.००	४,७६,०५०.००
३११५०	सार्वजनिक निर्माण		१८,२३,२१,८४८.६४	०.००	१८,२३,२१,८४८.६४
३११६०	निर्मितसरचनाको सुधार खर्च		०.००	०.००	०.००
ख)	कुल जम्मा भुक्तानी		४८,२५,८५,७८५.८१		४८,२५,८५,७८५.८१
ग)	बचत /कमी (ग = क-ख)		(१०,६२,८४,९८७.७७)		(१०,६२,८४,९८७.७७)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		(२६,७९,८९५.००)		(२६,७९,८९५.००)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		३,०५२.००		३,०५२.००

ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(१०,८९,६४,८८२.७७)		(१०,८९,६४,८८२.७७)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२०,३२,९२,५२४.३९		२०,३२,९२,५२४.३९
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		९,४३,२७,६४१.६२		९,४३,२७,६४१.६२

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।